# मधेशी आयोग

ज्वागल, ललितपुर

मधेशी आयोग
ज्वागल, ललितपुर

फोन नं: ०१-५२६११८५
टोलफ्रि नं: १६६००११६१८५


मितिः २०८०।१२।०७

## प्रेस विज्ञप्ति

### आयोगको पाँचौ वार्षिकोत्सब

"मधेशी आयोगको सतत् सदिच्छा

राज्यमा समुचित पहुँचको लागि

नैतिकवान् मधेश:सशक्त नैतिक शिक्षा ।"

नेपालको संविधानको भाग २७ र धारा २६२ मा मधेशी आयोगको व्यवस्था गरिएको छ। यो आयोगलाई स्वतन्त्र संवैधानिक निकायको रुपमा चित्रित गरिएको छ । यसबाट के प्रष्टिन्छ भने सामाजिक समावेशीता, मानव अधिकार, संविधानवाद र परिभाषित कानुनी शासनलाई प्रभावकारी रुपमा स्थापित गर्नका लागि नै यो आयोग बनाइएको हो । संविधानको प्रस्तावना देखि भाग र धाराहरुमा अक्षरांकित गरिएका मानव अधिकार, समानुपातिक समावेशिता र सामाजिक न्यायप्रति राज्यलाई अझ जिम्मेवार बनाउन सक्रिय भूमिका निर्वाह गर्नु पर्छ भन्ने दायित्वमुखी जिम्मेवारी रहेको छ ।


Email: madheshicommission@gmail.com

# मधेशी आयोग

ज्वागल, ललितपुर

फोन नं: ०१-५२६११८५

टोलफ्रि नं: १६६००११६१८५


मधेशी आयोगको स्थापना बर्ष २०७५ तथा कार्यसंचालन वर्ष पनि २०७५ चैत ७ गते नै रहेको छ । स्थापना काल देखिं नै यो आयोगले प्राप्त संवैधानिक र कानुनतः परिभाषित गरिएका कार्यहरु अहोरात्र सम्पादन गर्दै आएको छ । यसै क्रममा कोभिड-१९ को पहिलो, दोस्रो र तेस्रो लहरको विश्वव्यापी महामारीले नेपाललाई पनि निकै अप्ठेरोमा पारेको थियो र अझैसम्म त्यसको नकारात्मक प्रभाव आर्थिक र सामाजिक लगायतका क्षेत्रमा देखा परेकै छ । यसको कुप्रभाववाट यो आयोग पनि निकै प्रभावित भए । विश्व संकटका वावजुद पनि यो आयोगले प्राप्त जिम्मेवारीलाई अक्षरशः वहन गर्दै आयोगलाई सकेसम्म प्रविधिको माध्यमवाट जनमैत्री बनाएको छ । प्राप्त वैधानिक जिम्मेवारी अनुसार **"मधेश"** शव्द र भूगोगको परिभाषा गरिएको छ । त्यस्तै, मधेशी समुदाय को को हुन ? परिभाषित गरिएको छ। मधेशीको खण्डिकृत जनसंख्या कति छ ? त्यसको लागि मधेश प्रोफाइल र सांस्कृतिक अवस्थाको यर्थाथ चित्रणको लागि वृत्तचित्र निर्माण गरिएको छ । मधेशी समुदायको समस्या पहिचान र वर्ग पहिचान गरिएका छन् । पञ्चवर्षिय रणनीतिक योजना तयार गरी सरोकारवालाहरुमा कार्यान्वयनको लागि सिफारिस गरिएको छ । आयोगले प्राप्त अधिकार अनुसार, अनुगमन, समिक्षा र मुल्यांकन गर्ने कार्य गरेको छ। प्राप्त सयकडौं उजुरीहरु माथि कारवाहीको लागि कार्यसम्पादन भएको छ । संघीय संसद, प्रतिनिधि सभाको महिला तथा सामाजिक मामिला समितिमा तीन पटक गहन छलफल गरिएको छ। राष्ट्रिय सभाको राष्ट्रिय सरोकार तथा समन्वय समितिसँग सघन छलफल भएको छ । आयोगको स्थापनाकालदेखि वर्तमान सम्म शुन्य वेरुजु भएको लगायतका ऐतिहासिक कार्यहरु सुसम्पन्न भएका छन् ।


Email: madheshicommission@gmail.com

फोन नं: ०१-५२६११८५

टोलफ्रि नं: १६६००११६१८५


यी कालजयी अध्यापन र अनुसन्धानहरु नेपालको इतिहासमै प्रथम पटक भएका छन् । यसै क्रममा आ.व. ०७९/०८० मा आयोगले **"राज्यमा मधेशी समुदायको पहुँच"** सम्वन्धमा अध्ययन सुसम्पन्न गरेको छ । यस अध्ययन अनुसार, मधेशी समुदायको पहुँच नेपाली सेनामा ०३%, निजामती सेवामा ०८%, सशस्त्र प्रहरी बलमा ०९%, नेपाल प्रहरीमा १२% र नेपाल राष्ट्र बैंकमा १२.११% रहेको छ । २०८० वैशाख महिनासम्म जो जसले मधेशी प्रमाणपत्र लिएका छन् ती सबैको यस अध्ययनको प्रतिवेदनमा सहभागिता रहेका छन् । यसमा मधेशी दलित, मधेशी आदिवासी जनजाति, थारु, मुस्लिम लगायतका समुदायहरु रहेका छन् ।

यसप्रकार सवै जात र समुदायलाई एकत्रित गर्दा जम्मा जनसंख्या ४९% हुन जान्छ ।यो अध्ययन प्रतिवेदनको डिजिटल प्रकाशन र हार्डकपी दुबैमा प्रकाशन गरिएको छ । यसै वार्षिक प्रतिवेदन मार्फत राज्यलाई सिफारिस गरिनेछ । जसबाट मधेशी समुदायको राज्यमा यथेष्ट पहुँचको लागि आधारस्तम्भ स्थापित हुनेछ । यसै अध्ययनको  आधारमा मधेशी आयोगले प्रभावकारी रुपमा समस्या समाधान गर्न सिफारिस नेपाल सरकारलाई गर्नेछ । थप अध्ययन तथा अनुसन्धानको निरन्तरता आयोगले गर्ने नै छ । यस्तै, २०७८ को जनगणना अनुसारको **"मधेश प्रोफाइल"** अद्यावधिक गरिएको छ ।

सबै अधिकारमुखी संवैधानिक आयोगहरुसँगको समन्वय र सहकार्यमा लक्षित समुदायको राज्यमा समुचित र न्यायिक पहुँचको लागि आयोगले अहोरात्र कार्य गर्दै आएको छ ।

नैतिकवान् मधेश र सशक्त नैतिक शिक्षाको माध्यमवाट आयोगले स्थापनाकाल देखि नै केन्द्रिय तह, प्रादेशिक तह र तराई-मधेशका सीमावर्ती जिल्लाहरुका स्थानीय तहमा समेत नेपाल सरकारको सहकार्यमा अभिमुखीकरण कार्यक्रम संचालन गर्दै आएको छ । यी कार्यक्रमहरु अत्यन्तै फलदायी रहेका छन् ।

आयोगको ऐनको प्रस्तावना अनुसार **"इतिहास र संस्कृतिको पहिचान गरी त्यसलाई संरक्षण, सम्वर्द्धन र सशक्तीकरण गर्नु"** प्राप्त वैधानिक जिम्मेवारी अनुसार आयोगले विदेह सभ्यतालाई सशक्तीकरण गर्ने अभियानलाई समेत अग्रसारित गरेको छ । यसै क्रममा गरिएका केहि परिदृश्य यसप्रकार रहेका छन् :

सभ्यताहरुको कठिन संघर्ष - माझ र समूहमा मानव जातिको उदय र उदगम् भएको देखिन्छ। विभिन्न विचार र धर्मावलम्बीहरुले मानव जातिको सम्वन्धमा आ-आफ्ना विचार राखेता पनि सिन्धु/हिन्दु सभ्यताको वैज्ञानिक दस्तावेजीकरण भएको प्रमाणिकता देखिन्छ । अनेकानेक सभ्यताहरुसंग संघर्ष गर्दै सिन्धु नदिदेखि व्रम्हपुत्र र भगिरथी- गंगा उत्तरमा हिमालयसम्म एउटा सभ्यताले सुदृढ अस्तित्व कायम गरे जसलाई आर्य भनिएको देखिन्छ । यो आर्य सभ्यताका सामाजिक, सांस्कृतिक र राजनीतिक नेतृत्वकर्ता "मनु" थिए । मनु लाई मनुष्य वा मानवको संक्षिप्त शव्दरुप मानिन्छ । सम्भवतः मनुवाट नै अंग्रेजीको Man शव्द आएको भान हुन्छ । मनुलाई मानव जातिको प्रथम सन्देशवाहक पनि भनिन्छ । मनु सृष्टिकर्ता व्रम्हाका सृष्टि अंश थिए र उनी सतरुपाका पति थिए । भनिन्छ, मनुको जन्म १९७०० वर्ष पहिले नै भएको थियो। उनको १० रुप थियो वा सृष्टिकर्ताले दसवटा मनुको सृजना गरे । प्रथम मनु-सतरुपाका पाँच सन्तान भए । जसमा दुई छोरा र तिन छोरी भईन् । छोराहरुमा प्रियव्रत र उत्तानपादु भए र छोरीहरुमा आकृति, देवभुमि र प्रसुति भईन् । कपिलमुनि देवभुमिका भए । मनुले राज्यकाज सुन्दरतम् जिम्मेवारीका साथ पूरा गरे । राजा भएर गरेका कामहरु सुनौलो अक्षरमा अक्षरांकित भएको थियो तैपनि केहि सामाजिक विवादहरु अर्थको अनर्थ लगाए पछि देखिन्छ । मनुले जीवनको उत्तर्राद्धमा मुनि मनु भए पछि उहाँ द्वारा ऋषि-मुनिहरुलाई दिएका वा प्रदान गरिएका वचनहरुमा "मनुसंहिता" प्रतिपादन भए जसको सवल अस्तित्व

मधेशी आयोग
ज्वागल, ललितपुर
फोन नं: ०१-५२६११८५
टोलफ्रि नं: १६६००११६१८५

अझै रहेको देखिन्छ । उहाँ द्वारा भनित र चयनित श्लोक "जन्मनाजायते शुद्रः, कर्मणाद्विज भवेत्" ले वैज्ञानिक आधार प्रस्तुत गरेको छ । जन्मले सवै शुद्र तुच्छकर्मी हुन्छन् तर कर्मले उच्चकर्मी वा व्राम्हण हुन्छन् ।

वाल्मीकि रामायण अनुसार, मनुका वंशजहरु जसलाई सीतायन-रामायण पूर्वका वंशज मानिन्छन्। यस प्रकार रहेका छन् :-

१. मनु २.ऋषभ/ इक्ष्वाकु ३.निमि ४.मिथि ५.जनक ६.उदावसु ७.नन्दिवर्धन ८.सुकेतु ९.देवरात १०.बृहद्रथ ११.महावीर १२.सुधृति १३.धृष्टिकेतु १४.हर्यरब १५.मरु १६.प्रतिन्धक १७.किर्तिरथ १८.देवमीठ १९.विवुध २०.महिध्रक २१.किर्तिरात २२.महोरमा २३.स्वर्णरोमा २४.हर्षरोमा २५.शीरध्वज जनक [सीताको पिता]

माथीबाट गणना गर्दा शिरध्वज जनक विदेह सभ्यताका वाइसौ राजा भए । यस्ता ऐतिहासिक अध्ययन कार्यमा समेत आयोग प्रतिवद्ध रहेको छ।

आयोगको ऐनद्वारा प्रदत्त र आयोगबाट निर्णयित "मधेश दिवस" आयोजनाको सम्बन्धमा प्रारम्भिक विमर्श गरिएको छ । तर, राज्यको वक्रदृष्टिको कारण जनताका माग र आयोगद्वारा प्रदत्त आपूर्ति सेवाको बीचमा उचित तालमेल हुन नसकेको यर्थातता घाम झैं झर्लंग छ । सम्माननीय प्रधानमन्त्रीहरुसंगको भेट र छलफल पनि फलदायी हुन सकेको छैन । यथावस्थामै यस आयोगलाई राखि राख्नु राष्ट्र कै लागि प्रत्युत्पादक हुनेछ । या त अवस्था र व्यवस्थालाई सुधार्न पर्ने हुन्छ या त आयोगलाई नै संविधानको दृष्टिपटलबाट सदा-सदैवको लागि हटाउनु पर्छ । यसरी शिखण्डीको स्वरुपमा राखि राख्नु कथमपि उचित हुदैन ।

# मधेशी आयोग

ज्वागल, ललितपुर

फोन नं: ०१-५२६११८५
टोलफ्रि नं: १६६००११६१८५

यसै सन्दर्भमा आयोगको पाँचौं वार्षिक उत्सव कार्यक्रम सम्माननीय उपराष्ट्रपति राम सहाय प्रसाद यादवज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न गरिएको छ । कार्यक्रममा प्रमुख अतिथी सम्माननीयज्यूबाट मधेशी आयोग सबै मधेशी समुदायको अभिभावक आयोग बन्न सकोस भनि शुभकामना व्यक्त गर्नुभयो । कार्यक्रममा काठमाडौं महानगरपालिकाको सहयोगमा तराई मधेशको झिझिया र फागु नृत्य समेत प्रस्तुत गरिएको थियो ।

अन्तयमा, यस पन्चम् बार्षिक वार्षिकोत्सबको अवसरमा प्रज्ञा महानुभावहरु, प्रत्यक्ष वा परोक्षरुपमा सहयोग गर्ने आयोगका मा. सदस्यहरु, अन्य संवैधानिक आयोगका पदाधिकारीहरु, काठमाडौ महानगरपालिका, नेपाल पर्यटन बोर्ड, कर्मचारीहरु, सम्पूर्ण व्यक्ति तथा व्यक्तित्वहरुलाई हार्दिक धन्यवाद अर्पण ।

जय जानकी, जय नेपाल

जय वुद्ध, जय नेपाल ।

डा. विजयकुमार दत्त
अध्यक्ष
मधेशी आयोग।
drvijaydutta@hotmail.com